सूचना। सूचना।। सूचना।।।

# नेपाल सरकार
## गृह मन्त्रालय
# नेपाल प्रहरी प्रधान कार्यालय
## कल्याण महाशाखा
## नक्साल काठमाण्डौं

**चार्टर्ड एकाउन्टेन्ट पदमा दरखास्त आह्वान सम्बन्धी ७ दिने सूचना**

**(प्रथम पटक सूचना प्रकाशित : मिति २०८०।०१।११ गते)**

नेपाल प्रहरी प्रधान कार्यालय प्रहरी कल्याण कोष नक्साल काठमाण्डौंको कोष व्यवस्थापनको लागि देहाय वमोजिम कार्य गर्ने गरी खुल्ला प्रतिस्पर्धाबाट यस आ.व.२०७९/०८० को असार मसान्त सम्मको लागि चार्टर्ड एकाउन्टेन्ट करार सेवामा नियुक्त गर्नुपर्ने भएकोले ईच्छुक योग्य नेपाली नागरिकबाट रितपुर्वक निवेदन पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको महिनाको लागि छ।

१. पद :- CA (Chartered Accountant)

२. न्युनतम् योग्यता :- नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको चार्टड एकाउन्टेन्ट सदस्य भई कम्तिमा ५ वर्ष अनुभव प्राप्त गरेको।

३. कार्य विवरण :-

(क) प्रहरी कल्याण कोषद्वारा सञ्चालित विभिन्न निकायहरुको आर्थिक कारोवारको लेखाङ्कन, मासिक विवरण, आय व्यय विवरण तथा वित्तिय प्रतिवेदन तयार गर्ने कार्यमा सहयोग गर्ने।

(ख) कल्याण कोष अन्तर्गतका निकायहरुको बार्षिक बजेट तयार गर्न सहयोग गर्ने।

(ग) कोष अन्तर्गतका निकायहरुको बेरुजुहरु फछर्यौट, कर तथा लेखा परीक्षणमा सहयोग पुर्याउने।

(घ) कोषलाई आवश्यक पर्ने आर्थिक तथा लेखा सम्बन्धी सम्पुर्ण कार्यमा सहयोग गर्ने।

(ङ) आवश्यकता अनुसार वित्तिय तथा आर्थिक सल्लाह सुझाव प्रदान गर्ने।

४. दरखास्त बुझाउने मिति :- २०८०।०१।११ गते देखि २०८०।०१।१७ गतेसम्म

५. दरखास्त फाराम दस्तुर :- रु. १,०००।– (अक्षेरपि एक हजार रुपैयाँ मात्र) राष्ट्रिय वाणिज्य वैंक टंगाल शाखाको खाता नं. ११६०१००००१७८७००१ (Police Welfare Fund Naxal Kathmandu) मा जम्मा गरी सो को सक्कल भौचर दरखास्त साथ पेश गर्नुपर्ने।

६. कार्यालयमा उपस्थित भई दरखास्त साथ पेस गर्नुपर्ने कागजातहरु :- व्यक्तिगत विवरण (CV), नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, चारित्रिक प्रमाणपत्र, विदेशमा अध्ययन गरेको हकमा Migration Certificate & Equivalent Certificate को प्रतिलिपी. नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको चार्टर्ड एकाउन्टेन्ट सदस्यता प्रमाणपत्रको प्रतिलिपी, चालु आ.व.को नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता नविकरण सम्बन्धित कागजात।

७. उमेरको हद :- २४ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

८. छनौट प्रकृया :- अन्तर्वार्ता

९. सेवा सुविधा :- प्रहरी कल्याण कोष नक्साल काठमाण्डौंको कार्यविधि, २०७१ (संशोधन सहित) बमोजिम दुबै पक्ष बीच एक आपसमा छलफलबाट तय हुने।

१०. यो सूचनासँग थप जानकारी लिनु परेमा यस कार्यालयको फोन नं. ०१-४४११२८३ मा सम्पर्क गर्न सकिनेछ।

नेपाल सरकार गृह मन्त्रालय नेपाल प्रहरी प्रधान कार्यालय नक्साल